**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम २ सँग सम्वन्धित आ.व. २०६७/६८ को तेश्रो त्रैमासिक बिवरण**

१. **बित्तीय बिवरण**

त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी बिवरण :

यसै साथ संलग्न गरिएको छ ।

- सम्वन्धित पक्ष (Related Party) बीच कुनैपनि कारोवार नभएको ।

२. व्यवस्थापकिय बिश्लेषण :

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्वन्धि विवरण:

निक्षेप लागतमा भएको बृद्धि तथा केहि कर्जाहरुमा गर्नु परेको थप व्यवस्था रकमले गर्दा बैंकको मुनाफामा असर परेको छ । यस अवधिमा बैंकको तरलता तथा मौज्दात आवश्यकतानुसार नै कायम रह्यो ।

(ख) आगामी अवधिको व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको बिश्लेषणात्मक विवरण :

बैंकले आगामी अवधिमा गुणस्तरिय कर्जा प्रवाहका लागि नयाँ योजनाहरु लागु गर्ने तथा खुद व्याज आम्दानीमा बृद्धि गरी बचत कर्ता तथा शेयरधनीहरुको हितमा कार्य गर्दै जाने योजना रहेको छ ।

(ग) बिगतको अनुभववाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पार्न सक्ने घटना, अवस्था आदि भए सो सम्वन्धि बिश्लेषणात्मक विवरण :

हाल सम्मको अनुभवमा बैंकको निक्षेप लागतमा भएको बृद्धि लगायत अन्य जोखिमहरुको कारणले बैंकको नाफामा तात्वीक असर पार्न सक्ने महसुस गरिएको छ ।

३. कानूनी कार्यवाहि सम्वन्धि विवरण :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको बिरुद्ध कुनै मुद्दा दायर भएको भए :

बैंकिङ्ग व्यवसाय गर्ने संस्था भएकोले कर्जा कारोवारको सिलसिलामा दायर भएको मुद्दा वाहेक अन्य कुनै उल्लेखनिय मुद्दा नरहेको ।

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको बिरुद्ध प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :

छैन ।

(ग) कुनै संचालक वा संस्थापक बिरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको भए :

छैन ।

४. बैंकको शेयर कारोवार सम्वन्धि विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणा :

दोश्रो बजारमा हुने शेयर कारोवारको मुल्य माग र आपुर्तिको सिद्धान्त तथा देशको समग्र आर्थिक स्थितिमा आधारित हुने भएकोले बैंकको यस सम्वन्धमा कुनै बिशेष धारणा रहेको छैन ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या :

शेयरको अधिकतम मूल्य : रु. २२३/- शेयरको न्युनतम मुल्य : रु. १२५/-

शेयरको अन्तिम मूल्य : रु. १३०/- शेयर कारोवार भएको कुल दिन : ५२

कारोवार संख्या : २९५

५. समस्या तथा चुनौती :

संगठित संस्थाले बहन गर्नु परेको समस्या तथा चुनौती स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने र उक्त समस्या तथा चुनौतीलाई संगठित सस्थाको आन्तरिक र बाह्य भनी बर्गीकरण गरी त्यस्तो समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्वन गरेको रणनीति सम्वन्धि विवरण :

**(क) आन्तरिक समस्या तथा चुनौती :**

- मुद्रास्फितिको कारणले सचालन लागतमा हुने बृद्धि को असर ।
- बैंकबाट प्रदान गरिने दीर्घकालिन, मध्यकालिन, चालु पूँजी जस्ता कोषमा आधारित कर्जा तथा प्रतितपत्र, जमानत पत्र जारी गर्ने जस्ता गैह्रकोषीय सेवाहरु उपलव्ध गराउँदा हुन सक्ने सम्भावित जोखिमहरु ।
- निक्षेप तथा कर्जा लगानी व्याज दरमा हुने परिवर्तन बाट असर पर्ने जोखिमहरु ।
- समयमा कर्जा असुली नभै उत्पन्न हुने आर्थिक जोखिमहरु ।
- बैंकले प्रयोगमा ल्याएको Globus Banking Software मा तकनिकी गडबडीले हुन सक्ने जोखिम ।
- मुख्य कर्मचारीहरुले छोड्दा हुन सक्ने जाखिम ।

**(ख) बाह्य समस्या तथा चुनौती :**

- बैंक तथा वित्तीय संस्थाहरुको स्थापना तथा स्तरोन्नती हुने क्रम रहेकोले यी संस्थाहरु बीच उत्पन्न प्रतिस्पर्धावाट हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल राष्ट्र बैंकको नीति निर्देशनमा हुने परिवर्तनले उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकारले बैंक तथा वित्तीय संस्था सम्बन्धी नीति निर्देशन तथा मौद्रिक नीतिमा परिवर्तन गर्दा सिर्जना हुन सक्ने सम्भावित जोखिमहरु ।
- बिदेशी विनिमय कारोवार गर्दा विनिमय दरमा हुने परिवर्तन बाट हुन सक्ने जोखिमहरु ।
- देशको अस्थीर राजनैतिक स्थितिका कारण हुन सक्ने जोखिमहरु ।
- देशको आर्थिक अवस्थामा आउने उतार चढाव बाट उत्पन्न हुन सक्ने जोखिमहरु ।

**(ग) रणनीति :**

- लागत कटौती तथा लागत नियन्त्रणका उपायहरु अवलम्बन गरिएको ।
- कर्जा लगानी प्रदान गर्दा आवश्यक अध्ययन गर्ने गरिएको ।
- बैंकको नीति नियम तथा आन्तरिक नियन्त्रण प्रणाली चुस्त दुरुस्त राखिएको ।
- भविष्यमा हुन सक्ने जोखिम बाट बच्न कर्मचारहिरुलाई आवश्यक तालिम दिने गरिएको ।
- बैंकको Banking Software मा हुन सक्ने तकनिकी गडबडीबाट बच्न आवश्यक Back-up राख्ने गरिएको ।
- कर्जा तथा सापट र लगानी खराब भई हुन सक्ने जोखिमवाट बच्नका लागि आवश्यक जोखिम कोषको व्यवस्था गर्ने ।
- बिनिमय दरमा हुने परिबर्तन वाट हुन सक्ने जोखिम वाट बच्नका लागि आवश्यक सटही घटबढ कोषको व्यवस्था गर्ने ।

- बैंकको संगठनात्मक संरचनामा परिबर्तन गरी बढी प्रभावकारी बनाइएको तथा केहि मुख्य कर्मचारीले छोड्दा पनि बैंक नियमित रुपमा सेवा प्रदान गर्न सक्षम रहने ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापन द्वारा चालिएका कदम सम्वन्धी विवरण :

- नेपाल राष्ट्र बैंकवाट जारी गरिएको संस्थागत सुशासन सम्वन्धी निर्देशीकाको पालना गर्नुका साथै बैंकका शेयरधनीहरु प्रति बैंक संचालक समिति पूर्ण रुपमा जवाफदेहि र उत्तरदायी रहेको छ ।
- बैंकको लेखापरिक्षण समितिले संस्थागत सुशासन सम्वन्धमा अनुगमन गरी प्रचलित नियम कानूनहरुको अनुपालना आदि वारे निरिक्षण गरी आवश्यक सुझाव समेत संचालक समितिलाई दिने गरेको छ ।
- बाह्य लेखापरिक्षक तथा नेपाल राष्ट्र बैंकवाट समय समयमा हुने निरिक्षणवाट प्राप्त सुझावहरुको आधारमा संस्थागत सुशासनलाई सुदृढ बनाउन संचालक समिति कटिबद्ध रहेको छ ।

७. सत्य, तथ्यता सम्वन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्वन्धमा म व्यक्तीगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।